# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
## रामतडी-७,मुग

कर्णाली प्रदेश,नेपाल

पत्र संख्याः२०८२।०८३

सुचना नं.

सूचना ! सूचना !! सूचना !!!

**(प्रथम पटक प्रकाशित मितिः- २०८२/०४/०९)**

कृषि अनुदान प्रणालिलाई व्यवस्थित गरि कृषि व्यवसाय प्रवर्द्दनमा टेवा पुर्याउने उद्देश्य अनुरुप यस कार्यालयको आ.व.२०८२/०८३ को संघीय विशेष अनुदान अन्तर्गत **"व्यवासायिक टिमुर खेति प्रवर्द्दन"** कार्यक्रम संचालन गरि आगामी ५ बर्षमा पालिकालाई टिमुर निर्यातमा आत्मनिर्भर बनाउने उद्देश्य रहेको हुदाँ इच्छुक कृषक/निजि फर्म/कृषक समूह/सहकारी संस्थाबाट प्रस्ताव आव्हानको सुचना प्रकाशित गरिएको छ। सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८२/०५/०८ गते सम्म) कार्यालय समयमा आवाश्यक कागजाताहरु संलग्न राखी आवेदन पेश गर्न हुन जानकारी गराइन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारबाही हुने छैन। प्रस्तावहरुको मुल्यांकन तथा छनौट सम्बन्धी कार्य यस कार्यालयमा गठित कृषि समितिले कृषि प्राविधिकहरुको फिल्ड अनुगमन प्रतिवेदनको आधारमा गर्नेछ।

आवाश्यक कागजातहरुः

१) प्रस्ताव पेश सम्बन्धी निवेदन,

२) व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,

३) निजि फर्म/कृषक समूह/सहकारी संस्था दर्ताको प्रमाण-पत्रको प्रतिलिपि,

४) निजि फर्म/कृषक समूह/सहकारी संस्थाको प्रोफाइल तथा प्रगति प्रतिवेदन,

५) स्थायी लेखा नम्वर तथा आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाण-पत्र,

६) विरुवा लागाउने जग्गाको चारकिल्ला खुलेको लालपुर्जा प्रमाण-पत्रको प्रतिलिपि।

**नोटः व्यक्तिगत कृषक/निजि फर्म ले कम्तिमा २५० विरुवा र कृषक समूह/सहकारी संस्थाले कम्तिमा २००० विरुवा अनिवार्य रुपमा लगाउनु पर्नेछ ।** (थप जानकारिका लागि मोवाइल नं ९८६१६७९६१६ मा सम्पर्क गर्न सकिने छ)

वोधार्थः

श्री अध्यक्ष ज्यूको सचिवालय, खत्याड गाउँपालिका रामतडी, मुगु।

श्री उपाध्यक्ष ज्यूको सचिवालय, खत्याड गाउँपालिका रामतडी, मुगु।

श्री खत्याड गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु सवै।

विजय ओली
(कृषि शाखा प्रमुख)

बिजय ओली
कृषि अधिकृत

रोशन राज बहादुर सिंह ठकुरी
(नि.प्रमुख प्रशासकीय अधिकृत)

नि.प्रमुख प्रशासकीय अधिकृत

सक्षम निजामती प्रशासनः विकास समृद्धि र सुशासन

Email :khatyad.gaupalika@gmail.com, ito.khatyadmun@gmail.com, khatyadversp@gmail.com

फोन नः९९४८७०००८